# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २९९ काठमाडौं मंगलबार, १५ फागुन २०८० Prabhab National Daily Tuesday, February 27, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


## अर्थमन्त्रीको 'बजेट मियो' निजी क्षेत्र



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले आउँदो बजेटमा निजी क्षेत्रलाई मियो नै बनाउने तयारी गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेस गर्दै अर्थमन्त्री डा. महतले यस्तो छनक दिएका हुन् ।

महतले २७ पृष्ठको 'विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता' प्रस्तुत गर्दै सरकारको प्रमुख प्राथमिकता निजी क्षेत्र नै हुनेतर्फ जोड गरेका छन् । 'निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्नेतर्फ बजेट उन्मुख हुने छ,' अर्थमन्त्री महतले भने, 'निजी क्षेत्रलाई आर्थिक विकासको इञ्जिनको रूपमा विकास गर्न आवश्यक नीतिगत प्रबन्ध गरी अनुकूल वातावरण बनाइने छ ।'

सार्वजनिक संस्थानहरू कमजोर बन्दै गएपछि सरकारले निजी क्षेत्रमैत्री वातावरण बनाउने तयारी गरेको बताइएको छ । प्रिबजेटको संक्षिप्त बुँदाहरूमा धेरैजसो क्षेत्रमा निजी क्षेत्रलाई जोडका साथ उठाइएको छ ।

यसैगरी सरकारले निजी लगानी संकुचित नहुनेगरी सार्वजनिक ऋण परिचालन गर्ने उल्लेख गरेको छ । अर्थमन्त्री महतले आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गरिनेसमेत उल्लेख गरेका छन् । 'निजी क्षेत्र र लगानी प्रवर्द्धनः उत्पादन, उत्पाकदत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गरिने छ,' महतले प्रतिनिधिसभामा भने, 'सम्वत् २०८१ वैशाखमा हुने लगानी सम्मेलनमार्फत स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानी बढाउन अनुकूल वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिने छ ।'

**यी हुन् प्राथमिकता**

सरकारले आगामी आवमा पनि जलविद्युत् विकास, कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण, पर्यटन विकासलाई प्राथमिकतामा राख्ने भएको छ । बंगलादेश, भारतलगायतलाई विद्युत् बेचेर धन आर्जन गर्ने योजना सरकारको देखिन्छ । यद्यपि लगानी भित्र्याउने विषयमा सरकार प्रस्ट देखिँदैन ।

सरकारले सूचना प्रविधिको विकास, औद्योगिक विकास र निजी क्षेत्र प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । पूर्वाधार विकास, सामाजिक क्षेत्रको विकास, सामाजिक न्याय, हरित तथा उत्थानशील विकास र विपद् व्यवस्थापनलाई बजेटमा प्राथमिकता दिइने उल्लेख गरिएको छ । (क्रमशः पृष्ठ २ मा)

### संसद् भवनभित्र लघुवित्तपीडितको प्रदर्शन

# सुरक्षामा गम्भीर लापरवाही

- संसद् भवन परिसरभित्रै छिरे लघुवित्तपीडित
- ४८ जना महिला र एक पुरुष पक्राउ
- सभामुखद्वारा संसद्को सुरक्षा व्यवस्थाप्रति चासो
- गृहमन्त्रीले डाके सुरक्षा प्रमुखहरूको आकस्मिक बैठक
- संसद् भवनको सुरक्षामा खटिएका ३२ प्रहरीको सरुवा
- तीन सदस्यीय छानबिन समिति गठन



■ जेबी योञ्जन

**काठमाडौं–** संघीय संसद् भवन रहेको बानेश्वर निषेधित क्षेत्र हो । सुरक्षा संवेदनशीलतालाई मध्यनजर राख्दै सरकारले यस क्षेत्रलाई निषेधित सूचीमा राखेको छ । संसद् भवनभित्र जो कोहीलाई प्रवेशमा रोक लगाउन बाहिरी क्षेत्रमा प्रहरी खटिएका छन् । भित्र सांसदको सुरक्षामा मर्यादापालक छन् ।

तर, सोमबार निषेधित क्षेत्रभित्र पर्ने संघीय संसद् भवन परिसरमा नाराबाजीसहित लघुवित्तपीडितहरूको एउटा समूह छिरेर प्रदर्शन गऱ्यो । यसले उच्च सुरक्षा व्यवस्था भनिएकै स्थानमा गम्भीर सुरक्षा लापरबाही भएको देखाएको छ । अर्थात् संसद् भवन क्षेत्रमा प्रहरीको सुरक्षास्थितिको दुरावस्था छर्लंग पारेको छ । जतिबेला संसद् भवनभित्र प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठक चलिरहेको थियो ।

उक्त घटनापछि सभामुख देवप्रसाद घिमिरेले संसद् भवन क्षेत्रको सुरक्षा अवस्थाबारे प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरसँग चासो राखे । सभामुखका प्रेसविज्ञ शेखर अधिकारीका अनुसार सभामुखले घटनालाई गम्भीर रूपमा लिएका छन् । 'संसद् परिसरमा लघुवित्त ऋणीहरू प्रवेश गरेको विषयमा सभामुखले गम्भीर चासो लिनुभएको छ । सभामुखले आजै प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरबाट घटनाबारे जानकारी लिनुभएको छ,' अधिकारीले प्रभावसँग भने ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि संघीय संसद् भवन परिसरमा लघुवित्तपीडितहरू प्रवेश गरेको विषयमा आकस्मिक बैठक बोलाएर दुवै प्रहरी प्रमुखदेखि काठमाडौंका सुरक्षा अधिकारीसँग सोधपुछ गरेका छन् । गृहमन्त्री श्रेष्ठले नेपाल प्रहरीका महानरीक्षक वसन्तबहादर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, काठमाडौं जिल्ला प्रहरी प्रमुख भूपेन्द्र खत्री, काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत र गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखा प्रमुखलगायतलाई छलफलमा बोलाएका थिए । उनीहरूलाई मन्त्री श्रेष्ठले संसद् भवन परिसरमा लघुवित्तपीडित छिरेको प्रकरणमा गम्भीर कमजोरी भएको भन्दै प्रश्न गरे ।

उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एआइजी दीपक थापाका अनुसार प्रारम्भिक अनुसन्धानको क्रममा लघुवित्तपीडितहरू काठमाडौंका विभिन्न ठाँउबाट सोमबार दिउँसो पाँच/छ जना भेला भएर बानेश्वरको पानीट्याांकी नजिक गएको देखिन्छ । गेटमा बसेका प्रहरीलाई उनीहरूले 'आज कार्यक्रम छैन । यसो घुम्न आएका हौं,' भनेका थिए । त्यत्तिकैमा संसद् भवनको ३ नम्बर गेटअघि भेला हुने क्रम बढ्यो । त्यसबेला गेटमा दुईजना प्रहरी थिए । एकजनाचाहिँ संसद् भवनतिर गएको मौकामा भएका एक जना सेन्ट्रीलाई धकेलेर लघुवित्तपीडितहरू भित्र छिरेका थिए । अनि, नारा लगाइहाले । उनीहरूलाई हटाउन प्रहरीलाई हम्मेहम्मे नै पऱ्यो । जहाँको सम्पूर्ण सुरक्षा कमाण्ड नेपाल प्रहरीको हुन्छ । कमाण्डर प्रहरी निरीक्षक हुन्छन् । तर, सोमबार भने सुरक्षार्थ खटिएका प्रहरीलाई नै छलेर प्रदर्शनकारी भित्र प्रवेश गर्नुले सुरक्षा अवस्था नाजुक रहेको देखाएको छ । (क्रमशः पृष्ठ २ मा)

### बिथोलियो वार्ता

सरकारले लघुवित्तपीडितसँग गर्ने भनिएको वार्ता प्रभावित भएको छ । गृह मन्त्रालयले सोमबार ११ बजे बोलाएको वार्तामा लघुवित्तपीडित गएनन् र वार्ता प्रभावित भएको हो । लघुवित्त तथा ठगीविरूद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता निर्ग नविनले प्रहरीले भृकुटीमण्डपमा बस्न नदिने भन्दै पटक-पटक त्यहाँबाट हटाउन खोजेपछि आफूहरू वार्तामा नगई संसद् भवनमै गएको बताए ।

'कहाँ बसेर हाम्रो आवाज सरकारलाई सुनाउनुपर्ने हो ? सबै ठाउँ निषेधित छ । जहाँ गए पनि हटाएको हटाएकै गरिन्छ,' उनले भने, 'त्यसो भएपछि वार्तामा हामी किन जाने ? नजाने । गएनौं पनि ।'

अहिले भृकुटीमण्डपमा छ/सात सयको संख्यामा पीडितहरू बसिरहेका छन् । उनीहरू शुक्रबार काठमाडौंमा हिँडेरै आइपुगेका हुन् । गत माघ १६ गतेदेखि उनीहरूले पैदलयात्रा थालेका थिए ।

**सन्दर्भः वैदेशिक रोजगार**

## जापानमा सीपयुक्त श्रमिक पठाउने जिम्मा म्यानपावर कम्पनीलाई

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** सरकारले जापानमा 'निश्चित सीपयुक्त श्रमिक' पठाउने जिम्मा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीलाई दिएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत माघ २५ गते स्वीकृत गरेको कार्यविधिमार्फत जापानमा सीपयुक्त श्रमिक पठाउने जिम्मा म्यानपावरलाई दिइएको हो ।

तत्कालै कार्यान्वयनमा जानेगरी स्वीकृत भएको 'जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने कार्यविधि, २०८०' अनुसार अब म्यानपावर कम्पनीहरूले स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) प्रणालीमा आधारित भएर जापानमा नेपाली सीपयुक्त श्रमिक पठाउन सक्ने छन् । यसअघि सन् २०१९ मार्च २४ मा जापानमा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धमा नेपाल र जापानबीच द्विपक्षीय समझदारी भएको थियो । सोही समझदारीको आधारमा नेपालीलाई जापानमा रोजगारीका लागि पठाउने कार्यलाई व्यवस्थित, छिटोछरितो र पारदर्शी बनाउन कार्यविधि ल्याइएको मन्त्रालयले जनाएको छ ।

जापानमा सीपयुक्त श्रमिक पठाउन नसकेको आलोचना खेप्दै आएको मन्त्रालयले द्विपक्षीय श्रम समझदारी भएको झण्डै छ वर्षपछि कार्यविधि ल्याएको हो । कार्यविधिले सीपयुक्त श्रमिक पठाउने सम्पूर्ण अधिकार म्यानपावर कम्पनीहरूलाई दिएको छ । साथै, आफ्नै स्वामित्वमा जापानिज भाषा र सीप प्रशिक्षणका लागि तालिम केन्द्र सञ्चालन गर्न पाइने व्यवस्थासमेत गरेको छ । यसका लागि म्यानपावर कम्पनीहरूले कामदारको माग संकलन, प्रमाणीकरण तथा सहजीकरण एवं आवश्यक कल्याणकारी सेवा तथा कार्यहरू गर्ने प्रयोजनका लागि जापानमा कानुनी रूपमा दर्ता भएको आफ्नै सम्पर्क शाखा वा यसप्रकारको काम गर्न अनुमति प्राप्त संस्था 'रजिस्टर्ड सपोर्ट अर्गनाइजेसन'सँग सम्झौता गरेको हुनुपर्ने छ ।




रजिस्टर्ड सपोर्ट अर्गनाइजेसन भन्नाले जापानमा एसएसडब्ल्यूसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न एवं यस प्रणालीअन्तर्गत आउने श्रमिकहरूका लागि प्रवेशाज्ञा सहजीकरण, आवश्यक कल्याणकारी सेवा तथा कार्यहरू गर्न कानुनी रूपमा दर्ता भएको अनुमति प्राप्त संस्था हो । यस्ता (क्रमशः पृष्ठ २ मा) संस्थाले एसएसडब्ल्यूअन्तर्गत नेपाली श्रमिक तथा म्यानपावरसँग कुनै पनि शुल्क नलिने सम्झौता गरेको हुनुपर्ने छ । त्यस्तै जापानी रोजगारदाता वा भाषा तथा सीप तालिमप्रदायक संघसंस्थाले नेपालमै आएर तालिम प्रदान गर्ने भएमा त्यस्ता संस्थाहरूको आफ्नै पूर्वाधार वा करार सम्झौता गरी पूर्णकालीन उपयोग गर्न सकिने प्रशिक्षण केन्द्र सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ ।

कार्यविधिले एसएसडब्ल्यू प्रणालीअन्तर्गत जापान जान चाहने श्रमिकले जापान सरकारको सम्बन्धित निकायबाट मान्यता प्राप्त संस्था वा म्यानपावरबाट सञ्चालन गरिएको जापानी भाषा परीक्षा र पेसागत सीप परीक्षा उत्तीर्ण गर्नुपर्ने व्यवस्था गरेको छ । साथै परीक्षा उत्तीर्ण गरेका श्रमिकहरूको विवरण अध्यावधिक गर्न म्यानपावर कम्पनीहरूले सूची पठाउनुपर्ने छ । यद्यपि, एसएसडब्ल्यू प्रणालीअन्तर्गत श्रमिकको छनोट सरकारबाट नै गर्ने भनी रोजगारदाताको तर्फबाट अनुरोध भई आएका मागपत्रहरूको सन्दर्भमा श्रमिकहरूको विज्ञापन, दरखास्त संकलन एवं छनोटको सम्पूर्ण प्रक्रिया वैदेशिक रोजगार विभागको जापान एकाइले सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

रोजगार सम्झौता सम्पन्न भएका र जापान जान योग्यता हासिल गरेका श्रमिकको प्रवेशाज्ञाका लागि म्यानपावरले गरेको सिफरिसको आधारमा विभागले नेपालस्थित जापानी राजदूतावासमा सिफारिस गर्ने छ । तर भिसा प्राप्त नभएमा त्यसको जवाफदेही विभाग नहुने प्रस्ट पारिएको छ । त्यसैगरी जापान गएका सीपयुक्त नेपालीहरूले गर्ने काम, सेवासुविधा, गुनासो सुनुवाइ, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, कल्याणकारी सेवाहरूको सञ्चालन, श्रम विवादको निरूपण, कार्यस्थल निरीक्षण, श्रमिकको सम्पर्क विवरण, क्षतिपूर्ति मागदाबी तथा परिपूरणसम्बन्धी काम रजिस्टर्ड सपोर्ट अर्गनाइजेसनले गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

नेपाली श्रमिकलाई जापानमा रोजगारीका लागि पठाउँदा लाग्ने हवाई भाडा, बिमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषमा योगदान, सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले बेहोर्ने भनिएकोबाहेक अन्यको हकमा सेवा शुल्क तथा खर्च मन्त्रालयले तोकेबमोजिम हुने बताइएको छ ।




# न्युजिल्याण्ड र कतार पठाइदिने भन्दै ठगी, तीनजना पक्राउ

**काठमाडौं (प्रस)**– वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गर्ने तीनजना पक्राउ परेका छन् । न्युजिल्याण्ड र कतारमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा रेशम गुरुङ, गंगा गुरुङ र रोशनी राणालाई प्रहरीले पक्राउ गरेको हो ।

लमजुङको दोर्दी गाउँपालिका-७ घर भई हाल काठमाडौं चण्डोल बस्दै आएका गुरुङद्वयले सुरेन्द्र गिरीलाई मासिक एक लाख ५० हजार रूपैयाँ तलबमा न्युजिल्याण्डको एक प्रतिष्ठित कम्पनीमा प्याकिङको काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ । उनीहरूले पीडितसँग पटक-पटक गरी १२ लाख ७० हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

त्यस्तै काठमाडौंको टोखा नगरपालिका-९ घर भएकी ३५ वर्षीया राणाले विनोद चौरेललाई मासिक ७० हजार रूपैयाँ तलब हुनेगरी कतारको एक प्रतिष्ठित कम्पनीमा क्लिनरको काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनले पीडितबाट पटक पटक गरी दुई लाख ७० हजार रूपैयाँ लिएर सम्पर्कबिहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ । फरार अवस्थामा रहेकी राणालाई फैकाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरूले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो ।

## पृष्ठ १ बाट क्रमशः

### अर्थमन्त्रीको..

त्यसैगरी जनसांख्यिक लाभको उपयोग र युवाशक्तिको परिचालन, वित्तीय क्षेत्र सुदृढीकरण, कानुनी शासन र शान्ति सुरक्षा, अन्तर्राष्ट्रिय सहयोग र सम्बन्ध, व्यवसाय पनि बजेटमा जोड दिइने भएको छ । यस वर्ष सरकारले लगानीमैत्री कर नीति लिइने उल्लेख गरिएको छ ।

### अनुदानको दोहोरोपना हटाउने

सरकारले विभिन्न शीर्षकमा प्रदान गरिने अनुदान तथा सुविधाहरूको दोहोरोपन हटाउने बताएको छ । 'राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरपना हटाई क्रमशः लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाइने छ,' अर्थमन्त्री महतले भने । सामाजिक सुरक्षा भत्तालगायत विभिन्न भत्ताहरूमा दोहोरो सुविधा लिँदा बर्सेनि राज्यलाई ठूलो आर्थिक भार पर्दै आएको छ । वृद्धभत्ताका बारेमा विभिन्न मञ्चमा खरो सुनिने अर्थमन्त्रीले यो बजेटमा यस विषयलाई कटौती गर्ने विषयमा केही बोलेका छैनन् । वित्तीय संघीयतालाई थप प्रभावकारी बनाउने योजनालाई समेत प्राथमिकतामा राखिएको छ ।

### फागुन २१ बाट छलफल

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा यही फागुन २१ गतेदेखि छलफल हुने भएको छ । सभामुख देवराज घिमिरेले आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलका लागि यही फागुन २१, २२, २३, ३० र चैत १, २ र ४ गते निर्धारण गरेका छन् । उक्त छलफलमा दलीय प्रतिनिधित्वका आधारमा भाग लिन सम्बधित संसदीय दलका पदाधिकारीहरूले आ-आफ्ना दलका वक्ता सदस्यहरूको नाम बैठक बस्नु एक घण्टा अघि नै संघीय संसद् सचिवालयमा टिपाउनुपर्ने छ ।

■■■

### सुरक्षामा गम्भीर...

घटनाको छानबिन गर्न प्रहरी महानिरीक्षक कुँवरले तीन सदस्यीय समिति गठन गरेका छन् । प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीको संयोजकत्वमा प्रहरी उपरीक्षक नवराज अधिकारी र प्रहरी नायव उपरीक्षक दिनेश घिमिरे रहेको समिति गठन गरेका हुन् ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकालले समितिले छानबिन गरेर बुझाएको प्रतिवेदनका आधारमा संसद् भवन सुरक्षार्थ खटिएका प्रहरीलाई के कसो गर्नुपर्ने भन्ने टुंगो लाग्ने बताए । 'छानबिन समितिले काम थालेको छ । जतिसक्दो छिटो सत्यतथ्य बाहिर ल्याउन समितिलाई कार्यादेश छ,' उनले भने, 'समितिकै छानबिन प्रतिवेदनका आधारमा को दोषी ? थाहा हुन्छ र आवश्यक विभागीय कारबाही हुन्छ ।'

हाललाई भने संसद् भवनमा आन्दोलनकारी पस्दा खटिएका प्रहरीहरूलाई त्यहाँबाट हटाइएको छ । उनीहरूलाई प्रहरी मुख्यालय बोलाएको छ । उनीहरूको स्थानमा नयाँ टिम पठाएको पनि प्रवक्ता ढकालले बताए । उनका अनुसार संसद् भवनमा विशेष कार्यदलका ३२ जना खटिएका थिए ।

संसद् भवन परिसरमा जबर्जस्ती भित्र प्रवेश गरेका ४८ जना महिला र एक जना पुरुष पक्राउ परेका छन् । उनीहरूलाई वानेश्वर वृत्तमा राखिएको प्रहरीले जानकारी दिएको छ । उनीहरूले आफूहरू गोली खान पनि तयार रहेको भन्दै संसद् परिसरभित्रै सुतेर विरोध जनाएका थिए । जबकि, संसद्भित्र प्रवेश पासविना जान दिइँदैन। २५ दिन पैदल हिँडेर आएका लघुवित्तपीडितहरू भने सोमबार त्यसै प्रवेश गरे ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STYLISH BEAUTY LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१३ LT. No.300565 चलानी नं. ६०२१५३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 8 | 150 | ६४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAW AL SHAMS CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०४/३२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१४ LT No.291056 चलानी नं. ६०२१२३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 0 | 1000 | ३६,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female cleaner | 0 | 5 | 1100 | ३९,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**N.B. INTERNATIONAL MANPOWER Pvt. Ltd.**

श्रम ईजाजत नं. ४०२/०६०/६१

Ratopul, Kathmandu Nepal, , Fax : +977-4474302
Kathmandu : +977-4474301, 9851022122, 9851254501 ,9802744144, 9851023100, 9769770646, 9828896857, 9820760600, 9820660600, 9820560600
Jhapa Branch : 023-591887, 9852671887, 9801215758


## Punarbas Municipality
## Office Of The Municipal Executive
### Sudurpaschim Province, Kanchanpur

**Invitation for Sealed Quotation**

**Contract Identification No: PUN/MUN/080/81- 09**
**Date of publication: 27th February, 2024 (2080/11/15)**

1. Punarbas Municipality Office invites Sealed Quotation from eligible bidders for the Construction work of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur and visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| SN | Contract ID | Description | Estimated amount (with VAT & PS) | Bid Security | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|---|
| 1 | PUN/MUN/ 080/81- 09 | Graveling on Different Road of Punarbas- Municipality-10 Kanchanpur. | 6,99,420.93/- | 17,500/- | 75 days | 1000/- |

**Chief Administrative Officer**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EHP INDUSTRIES SENDIRIAN BERHAD

पूर्व स्वीकृति मिति २०८०/०१/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१४ LT. No. : 285467 चलानी नं.६०२००८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"

श्रम ईजाजत नं. १५९३/०७९/०८०

Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAB'A SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/११/१३ LT. No. : 300602 चलानी नं.: ६०२१५४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Buildings | 0 | 50 | 120 | ४१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २१ गते (4th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**

Govt. License 128/055/56

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## Free Visa!! Free Ticket!!
## कुवेत/कतार/साउदीमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL TRADE HOLDING CO. MOVENPICK HOTEL

पूर्व स्वीकृति मिति २०७९/०२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१४ LT. No. 264357 चलानी नं. ६०१८०५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 10 | 0 | 120 | ४१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Attendant | 10 | 10 | 120 | ४१,९२० | | | | | | | |
| 3 | Kitchen Steward | 10 | 0 | 100 | ४३,७२० | | | | | | | |
| 4 | Pool Attendant | 3 | 3 | 120 | ४१,९२० | | | | | | | |
| 5 | Receptionist/guest Service Agent | 10 | 10 | 130 | ५६,२५५ | | | | | | | |
| 6 | Spa Therapist | 5 | 15 | 150 | ६४,९१० | | | | | | | |
| 7 | Waiter/waitress | 10 | 10 | 120 | ४१,९२० | | | | | | | |

कम्पनी : CITY CENTRE ROTANA DOHA

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१४ LT. No. 276218 चलानी नं. ६०१९१७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 5 | 2 | 1550 | ५६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WORLD OF HOTEL HOSPITALITY COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१३ LT. No. 300509 चलानी नं. ६०२१५५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 2850 | १०१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ८२२/०६६/०६७

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839, 9863194834, 9963194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONCORDE HOTEL

पूर्व स्वीकृति मिति २०८०/०४/०८ पुन विज्ञापन स्वीकृति मितिः २०८०/११/१४ LT. No. 289690 चलानी नं. ६०२०४९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATHIVARA FACILITY MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति २०८०/११/०९ LT. No. 300245 चलानी नं.६०२१५५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 800 | २८,९९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hospital Cleaner | 19 | 0 | 800 | २८,९९५ | | | | | | | |
| 3 | Messenger | 0 | 14 | 1000 | ३६,२४५ | | | | | | | |
| 4 | Office Cleaner | 14 | 0 | 800 | २८,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BON MANPOWER PVT.LTD.**

श्रम ईजाजत नं. 1514/074/075

Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851
Mobile Number- 9841144866, 9867438859,9817554717, Email: bonmanpower1@gmail.com


## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थको विक्री शुलक सङ्कलनका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०८०/११/१५ गते)**

स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ६२ (क) र यस गोदावरी नगरपालिकाको मिति २०८०/०९/२३ गतेको कार्यपालिकाको निर्णइ वमोजिम आर्थिक वर्ष २०८०/८१ को तोकेको अवधिका लागि यस नगरपालिका क्षेत्रमा रहेका खैराना, खुटिया र गोदावरी नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबसत गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७९/८० को कर चुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण बुझाएको प्रमाण, कानुनी रूपमा योग्य रहेको लिखित घोषणा पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलीपिहरू संलग्न गरी तपसिल वमोजिमका शर्तहरूको अधिनमा रही विद्युतीय बोलपत्र (E-Bidding) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | आन्तारिक ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम (मु.अ.कर.बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र पेश गर्ने र बोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | NCB/IR/GM/07/2080/81 | खुटिया नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क सङ्कलन | रु.४,६३,६५,२४८/- (चार करोड त्रिसठ्ठी लाख पैसठ्ठी हजार दुई सय अठ्चालिस रूपैया मात्र) | रु.२३,२०,०००/- | रु.५,०००/- | पेश गर्ने : २०८०/११/३०, दिउँसो १२:०० बजे खोल्ने : २०८०/११/३०, दिउँसो २:०० गते |
| २. | NCB/IR/GM/08/2080/81 | खैराना र गोदावरी नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क सङ्कलन | रु.२,९५,२६,०८८/- दुई करोड पन्चानब्बे लाख छब्बीस हजार अठासी रूपैया मात्र) | रु.१४,८०,०००/- | रु.५,०००/- | पेश गर्ने : २०८०/११/३०, दिउँसो १२:०० बजे खोल्ने : २०८०/११/३०, दिउँसो २:०० गते |

*नोट : थप जानकारीको लागि कार्यालयको वेभसाइट www.godawarimukalilali.gov.np र www.bolpatra.gov.np मा समेत हेर्न सकिनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

## वीर अस्पतालको बद्मासी

# बोलपत्र आह्वान नगरी औषधि खरिद

**काठमाडौं-** वीर अस्पतालले फार्मेसीका लागि औषधि खरिद विनाप्रतिस्पर्धा गरेको पाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार गरेको अनुगमनका क्रममा त्यस्तो पाइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले जानकारी दिए ।

अस्पताल प्रशासनले भने तीनवटा फार्मेसीका लागि औषधि प्रक्रिया पूरा गरेरै खरिद गरेको दाबी गरेपनि अनुगमनका क्रममा भने २०७८ देखि पुरानै सम्झौताअनुसार खरिद भइरहेको पाइएको उनको भनाइ छ। अनुगमन टोली सदस्यसमेत रहेका वरिष्ठ जनस्वास्थ्य अधिकृत मिश्रले भने, 'वि.सं. २०७८ देखि हालसम्म बोलपत्र आह्वान नगरी औषधि खरिद गरिरहेको अनुगमनका क्रममा देखिएको छ ।'

उनले अनुगमनका क्रममा अत्यावश्यक औषधि फार्मेसीमा नभएको, अनावश्यक औषधिस्टोरमा राखेको, म्याद सकिएको औषधि फिर्ता नगरी धेरै मात्रामा राखेको, फार्मेसीको स्टोरमा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड पनि पालना नगरेको पाइएको जानकारी दिए ।

वीर अस्पतालका निर्देशक सन्तोष पौडेलले फार्मेसीको नेतृत्व यसबीच तीनपटक परिवर्तन भएकाले बोलपत्र आह्वानमा समस्या देखिएको बताए । उनले केही औषधि खरिदका लागि भने बोलपत्र आह्वान भइसकेको जानकारी दिए ।

'बिमाबाट आउनुपर्ने रकम छ महिनासम्म पनि नआउँदा आपूर्तिमा समस्या भएको हो । अन्यत्रबाट सोझै खरिद गरी ल्याउन सकिन्न,' उनले भने, 'आपूर्तिकर्तासँग अत्यावश्यक औषधि खरिदका लागि पटक-पटक छलफल गर्दा पनि भुक्तानी नभएकाले आपूर्ति रोकिएको छ ।'

निर्देशक पौडेलले एउटा काउन्टरलाई २४ घण्टा सञ्चालन गरे पनि दुईवटा काउन्टर भने बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र सञ्चालन भइरहेको जानकारी दिए । *रासस*

# उपनिर्वाचनको कार्यतालिका सार्वजनिक

**काठमाडौं (प्रस)-** आगामी वैशाख १५ गते हुने उपनिर्वाचनको कार्यतालिका सार्वजनिक भएको छ। निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभामा रिक्त इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा सदस्य (क) को उपनिर्वाचनका लागि सोमबार निर्वाचन कार्यतालिका सार्वजनिक गरेको हो ।

आयोगका सहायक प्रवक्ता डा. थानेश्वर भुसालले आइतबार एक विज्ञप्ति जारी गरी उपनिर्वाचनको कार्यतालिकाबारे जानकारी गराएका छन् । सार्वजनिक कार्यतालिकाअनुसार यही फागुन १६ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी २०८० चैत २२ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिने छ । सो उपनिर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ताका लागि यही फागुन २४ देखि ३० गतेसम्मको म्याद दिइ सूचना प्रकाशन गरिने छ ।

प्रतिनिधिसभामा इलाम-२ बाट निर्वाचित सुवासचन्द्र नेम्बाङ र बझाङबाट निर्वाचित प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको निधन भएकाले उक्त पद रिक्त थियो ।

यस्तै आगामी २२ गते मुख्य निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी चैत २४ गतेदेखि २७ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुने छ । निर्वाचन कार्यक्रमअनुसार चैत २४ गते उम्मेदवारको मनोनयन दर्ता र चैत २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न वितरण गरिने छ ।

यस्तै चैत २८ गतेदेखि २०८१ वैशाख १२ गतेसम्म प्रचारप्रसारको अवधि रहने छ । आयोगले सरकारसँगको परामर्शमा आगामी २०८१ वैशाख १५ गते सोमबारका दिन निर्वाचनको मिति तोकेको थियो ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/१०/१५**

**देव आईडियल इङ्गलिस स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) प्रा.लि.** को मिति २०८०।११।०३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठक/साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नाम **अलनूर पब्लिक सेकेन्डरी स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) प्रा.लि.**ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**अलनूर पब्लिक सेकेन्डरी स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) (प्रा.लि. नं. २७६७६)**
**लाहान न.पा.-१८, सिराहा**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/१५**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **जामुन** जातको ग्रेड A को गोलिया थान ४७ को ९८९.१६ क्युफिट र ग्रेड B को गोलिया थान १२५ को ८३४.७७ क्युफिट काठ, **कुमि** जातको ग्रेड A को गोलिया थान ६ को १५३.९ क्युफिट र ग्रेड B को गोलिया थान ८ को ६८.४ क्युफिट काठ, **टुनि** ग्रेड A को गोलिया थान १० को ३२८.८, **राजवृक्ष** जातको ग्रेड A को गोलिया थान १४ को १३४.३१ क्युफिट र ग्रेड B को गोलिया थान १ को ७.८० क्युफिट काठ, **सिमल** जातको ग्रेड A को गोलिया थान ९ को ४६५.१ क्युफिट काठ र ग्रेड B को गोलिया थान १४ को १०९.२ क्युफिट काठ, खयर जातको गोलिया थान ७९ को २७१.८५ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**शुक्लाफाँटा न.पा-११, अमरपुर, कञ्चनपुर**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१५ गते)

श्री बानिविलास गौतमको बुहारी श्री पदमेखर गौतमको श्रीमति श्री बलभद्र चौलागाईको छोरी काभ्रे जिल्ला वडा नं ८ सिवालय स्थायी घर भई हाल नयाँबस्ती ६, गोकर्णेश्वर, काठमाडौं बस्ने सिता देवि गौतमको मिति २०८०/०९/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको श्री सिता देवि गौतमको खाता नं २०४०१७८६२१४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा नारायण प्रसाद गौतमले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६१०५

## साबित्री इण्डष्ट्रि प्रा.लि. काठमाडौ जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. ३ मा अगरवत्ती, पिताम्बरी, कपुर, अविर, केसरी उत्पादन गर्ने उद्योग स्थापना गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई कार्यक्रममा बारेको सूचना

**प्रकाशन मितिः २०८०/११/१५**

साबित्री इण्डष्ट्रि प्रा.लि. द्वारा काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ३ कित्ता न. ५१,५६,६०,११६,११७,११९ को जम्मा क्षेत्रफल २,२५७.५६ वर्ग मिटर (४-७-०-०) जग्गामा पिताम्बरी, कपुर, अविर, केसरी उत्पादन गर्ने उद्योग स्थापना गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएको हुनाले उक्त कार्यक्रममा सहभागी भई आफ्नो अमुल्य रायसुझाव, प्रतिक्रिया प्रदान गरिदिनुहुन र सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम** | साबित्री इण्डष्ट्रि प्रा.लि. |
| **उद्योगको स्थान** | चन्द्रागिरी नगरपालिका वडा नं. ३, काठमाडौं जिल्ला |
| **उद्योगको क्षमता** | ➢ वार्षिक ७०० मे.ट. अगरबत्ति थान उत्पादन गर्नु, वार्षिक २०० मे.ट. अबिर, केसरी उत्पादन गर्नु, वार्षिक २५० मे.ट. पिताम्बरी पाउडर उत्पादन गर्नु, वार्षिक २५ मे.ट. कपुर उत्पादन गर्न |

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थान, मिति र समय**
स्थानः साबित्री इण्डष्ट्रि प्रा.लि. चन्द्रागिरी नगरपालिका वडा नं. ३ (उद्योग परिसर भित्र)
मितिः २०८०/११/२३ गते बुधबार
समयः बिहान ९:०० बजे

| आयोजक | परामर्शदाता |
|---|---|
| साबित्री इण्डष्ट्रि प्रा.लि. | जियोस्पासल एन्ड इन्भाएरमेन्टल सोलुसन्स |
| चन्द्रागिरी नगरपालिका वडा नं. ३, काठमाडौं | सुर्यविनायक-२, भक्तपुर |
| फोन नं: ९८५१०७८३७९ | फोन नं.: ९८६०३२२१२४ |
| ई-मेलः email2sipl@gmail.com | ईमेलः gesolutions.nepal@gmail.com |


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GAUSHALA FOR TRADING AND CONTRACTING AND HOSPITALITY AND SERVICES**
पुर्व स्वीकृति मिति २०८०/११/१३ | LT. No: 300552 | चलानी नं.: ६०२१५५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 1500 | ५४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 1700 | ६२,१६५ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 1 | 1200 | ४३,८८० | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 2500 | ९१,४१५ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,४१५ | | | | | | | |
| 6 | General Clean Worker | 3 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 7 | General Supervisior | 1 | 1 | 2500 | ९१,४१५ | | | | | | | |
| 8 | Heavy Vechicle Driver | 2 | 0 | 2000 | ७३,१३५ | | | | | | | |
| 9 | Labour | 3 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 10 | Manager Variety | 1 | 0 | 5700 | २०८,४३० | | | | | | | |
| 11 | Packing Worker | 1 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 12 | Salesman | 0 | 1 | 1500 | ५४,८५० | | | | | | | |
| 13 | Supervisior | 2 | 0 | 2500 | ९१,४१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**
Greenhill
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NATIONAL POWER CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१४ | LT. No. 294539 | चलानी नं. ६०२०९६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६२,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1100 | ४०,२२५ | | | | | | | |
| 3 | Labour | 9 | 0 | 1000 | ३६,५६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484
Email : info@grgnepal.com.np



## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GOLDEN CROWN SECURITY SERVICES LLC**
पुर्व स्वीकृति मिति २०८०/११/१३ | LT No :300564 | चलानी नं. ६०२१५५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1500 | ५४,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : BEAUTY CARE SALON CO FOR LADIES BEAUTY**
पुर्व स्वीकृति मिति २०८०/११/१० | LT No :300419 | चलानी नं. ६०२१५५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 0 | 8 | 140 | ६०,३२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 140 | ६०,३२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9810195400,9851023416,9813906565,9851002766
Email: ganapatioverseas8093@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : DAISY SOLUTION CONTRACTING**
पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१४ | LT. No.294278 | चलानी नं: ६०२०९५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 2 | 0 | 1100 | ४०,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 4 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 3 | Building Worker | 2 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 5 | Foreman | 3 | 0 | 2500 | ९१,४३० | | | | | | | |
| 6 | Helper | 5 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 7 | Labour | 9 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 8 | Mason | 9 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 9 | Painter | 5 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 10 | Plaster Worker | 2 | 0 | 1100 | ४०,२३० | | | | | | | |
| 11 | Plumber | 4 | 0 | 1100 | ४०,२३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## कतारमा रोजगारको अवसर

**Qatar Engineering & Construction Company WLL** Qatar, Doha
पूर्व स्वीकृति मितिः२०२४/०२/२६ | पत्र संख्याः ०८०/८१ | चलानी नं.: ६०२१५५४४ | LT No. 300623

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Driver | 15 | | 1400 | ५१,१९८ | | | | | | | | |
| ३. | Supervisior | 05 | | 3000 | १,०९,७१० | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 03 | | 1900 | ६९,४८३ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्चः निःशुल्क**

**फाइनल अन्तर्वार्ता २०८० फाल्गुण २२ गते (March 05, 2024) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोनः ४१११५६०, फ्याक्सः ४१११६२३ Email: ars@arabrecruiting.com



## युएईमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

**A M I CARPENTRY AND FLOORING CONTRACTING LLC**
पुर्व स्वीकृति मिति २०८०/११/०८ | LT. No. :299756 | चलानी नं. :६०२०९०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason | 10 | 0 | 1300 | ४७,०७० | | | | | | | |
| 3 | General Workers | 30 | 0 | 1000 | ३६,३०५ | | | | | | | |
| 4 | Plumber | 10 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Steel Fixer | 40 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 6 | Stone Mason | 20 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 7 | Tile Layer | 20 | 0 | 1200 | ४३,५५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।**

साथै यस प्रा.लि. को लागि Documentation Offficer (Female) -१ को पनि आवश्यक भएकोले इच्छुक आवेदकहरुले सम्पर्क गर्नुहोला । उक्त क्षेत्रमा ज्ञान भएको वा अनुभवी आवेदकलाई मान्यता दिइनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Best H. R. Solutions Pvt. Ltd.**
श्रम ईजाजत नं. ११९०/०७३/०७४
Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446,4957800
Mobile: (Gyanu: 9860206621, Sujan: 9851136184, Shiva: 9841357054)
Email: besthrsolutionpvtltd@gmail.com


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४/०५/१५

स्वर्गारोहण
२०८०/११/०७

**स्व. साङ्गे शेर्पा**

शेर्पा सेवा केन्द्रको **संरक्षक सदस्य** स्व. **साङ्गे शेर्पाज्यु**को ८६ बर्षको उमेरमा असामयिक निधन भएकोले आज ७ औं दिनको पून्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं । सथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा
**शेर्पा सेवा केन्द्र परिवार**
बौद्ध, टुसाल, काठमाडौं

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## भुत्ते सुरक्षा निकाय कि सरकार ?

**संघीय राजधानीको सुरक्षामा नेपाल प्रहरीले बेलाबेला चकित पार्ने काम गर्छ । सम्बन्धित क्षेत्रमा सुरक्षाको जिम्मा पाएको प्रहरीले एक्लादुक्ला प्रवेश गर्न खोज्दा खाउलाझैं र झम्टिएलाझैं गर्न भ्याउँछ । आफू सुरक्षाको प्रमुख आधार मान्छ ।**

**तर नाममात्रको । सोमबार संसद् भवनमा देखिएको ताजा उदाहरण हो यो । समाचार संकलनका लागि पुगेका सञ्चारकर्मीलाई रोकतोकमा अनेकन तिकडम गर्नसक्ने प्रहरीले गेट नम्बर २ छेउछाउ सर्वसाधारणलाई त उभिनै दिदैन । तर सोमबार प्रहरीले आन्दोलनकारीको हुल नै संसद् भवनतिर छिराइदियो । त्यतिबेला राष्ट्रिय सभा र प्रतिनिधिसभा चल्दै थियो । अर्थमन्त्री डा. प्रकाशशरण महत आगामी बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै थिए ।**

**यही बेला संसद् भवनजस्तो क्षेत्रमा आन्दोलनकर्मीको भीडलाई प्रहरीले किन संसद् भवनमा किन छिरायो ? गम्भीर प्रश्न हो यो । हदैसम्मको खेलााची त्यहाा खटिएका सुरक्षाकर्मीमा देखिन्छ । माइतीघर क्षेत्र र बानेश्वरको संसद् भवन क्षेत्रलाई सरकारले निषेधित क्षेत्र घोषणा गरेको छ । अझ संसद् भवनमा प्रहरीको 'स्पेसल टास्क फोर्स' नै खटाएको हुन्छ । लघुवित्त ऋणीको आफ्नै दुःख पीर होला । तर संसद् भवनमा जनप्रतिनिधिको सुरक्षा गर्नु प्रहरीको दायित्व हो । यो क्षेत्रमा सांसदहरूले सरकारमाथि लघुवित्तपीडितको आवाज उठाउादै आएको छ । तर उत्तेजक भीडमा जे पनि हुनसक्छ । जसलाई त्यहाा खटिएका सुरक्षाकर्मीले निकै कम आाके ।**

**ठीक एक वर्षअघि गोंगबु क्षेत्रमा तमाशा मच्चिादा पनि सुरक्षाकर्मी सुतेरै बसेका थिए । जसकारण विभिन्न बहाना देखाउादै प्रहरी विनास मच्चिादा पनि हात बाांधेरै बस्यो । त्यतिबेला पनि सरकारले केही गर्न सकेन सुरक्षा निकायको कमजोरीमा । यो कि त गृहमन्त्रीमाथिको अविश्वास हो या प्रहरी महानिरीक्षकमाथि । कि त प्रहरी आफ्नै पेसाप्रति विश्वस्त छैनन् । नत्र यस्तो संवेदनशील क्षेत्रमा हुलका हुल आन्दोलनकारी किन छाडिदियो त प्रहरीले ? निकै गम्भीर प्रश्न हो ।**

**प्रहरीले सुरक्षाकर्मीको संख्या न्यून थियो भनेर दाबी गरेको छ । प्रहरीको स्पेसल टास्क फोर्स त्यतिबेला के हेरिरहेका थिए ? सरकार भुत्ते भएको हो कि सुरक्षा निकाय ? गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि यसको जवाफ खोज्नुपर्छ । त्यहाा खटिएका ३२ जनालाई प्रहरीले फिर्ता बोलाएर झारा टार्ने काम गरेको छ । पेसाप्रति वफादार बनाउन गल्ती गर्नेलाई सजाय हुनैपर्छ ।**

# जिब्रोको स्वाद र मोटोपनको समस्या



▶▶ डा. अरुणा उप्रेती

> मध्यम वर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरूमा पनि विभिन्न किसिमका चाउचाउ, चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनको धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमै मृत्युको मुखमा पुऱ्याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ?

दुई वर्षअघि एक पत्रकार साथीलाई भेट्दा मैले भनेको थिएँ, 'तपाईं निकै मोटाउनुभएको छ, भुँडी पनि निकै बढेको छ, यसले त स्वास्थ्यलाई खतरा हुन्छ है ।'

उनले त्यो बेला भनेका थिए, 'तौल घटाउन कोसिस गर्दै छु ।'

केही दिनअघि उनीसँग पुनः जम्काभेट भयो । उनको अगाडि आएको ठूलो भुँडी त स्याप्पै घटेछ, उनको उमेर नै पाँच/सात वर्ष कम भए जस्तो देखिन्थ्यो र भनें, 'तपाईंले त के चमत्कार गर्नुभयो यस्तो । निकै राम्रो स्वास्थ भएछ नि ! कतै गएर पेटको शल्यक्रिया गरेर आउनुभएको त होइन ?'

ठट्टा गरेर भनेको यो प्रश्नलाई उनले गम्भीर भएर जवाफ दिए, 'होइन होइन, मैले मेरो भुँडी वरिपरिको १५ केजी त योग, हिँडाइ र खानामा कमी गरेर घटाएको हुँ । दुब्लोबाट मोटो हुन त सजिलो हुँदोरहेछ तर एकचोटी बोसो लागेपछि त घट्न पो गाह्रो हुने रहेछ । जब मैले अनुभव गरें कि मेरा लुगाहरू त कसिएर लगाउनै नहुने भए, अलिकता हिँड्दा स्वाँ-स्वाँ हुन थाल्यो । अनि त तौल घटाउने निर्णय गरेर कसिएर लागेपछि सफल पनि भएँ ।'

त्यसैगरी नक्सालकी पारु श्रेष्ठ (३३ वर्षीया) ले पनि आफ्नो तौल ७५ केजीबाट ६० केजी (१० महिनाभित्र) झारेकी थिइन् । उनी विवाहअघि ५६ केजी थिइन् । अग्ली, पातली पारु सुन्दर देखिन्थिन् तर विवाहपछि उनको खाने क्रम बढ्न थाल्यो । एक बच्चा पाएपछि त झन् चाकु, घिउ, मासु, अण्डा आदिले गर्दा उनको जिउ त फैलिँदै गयो । उनका बुबा ३० वर्ष नपुदै मधुमेहले बित्नुभएको थियो । आमा र बहिनी दुवै मधुमेहको औषधि खाने गरेका छन् ।

पारुलाई भनेँ, 'पारुजी तपाईं त होसियार हुनुपर्छ है । तपाईंको परिवारमा निकै समस्या छ । तपाईं यसरी नै मोटाउनुभयो भने तपाईंलाई पनि ती समस्या आउन सक्छ । तपाईंको सानो छोरो छ । अन्तर्राष्ट्रिय संस्थामा काम गरिरहनुभएको छ । अगाडि त्यति ठूलो भविष्य छ, स्वास्थ नै नराम्रो भएपछि त जति काम गर्न सक्ने हो त्यति गर्न सकिन्न । त्यो बाहेक जति पैसा भए पनि तपाईंले त्यसको प्रयोग आनन्दपूर्वक गर्न पाउनु हुन्न ।'

'के गर्नु मलाई त कस्तो भोक लाग्छ, फेरि चकलेट देखेपछि त मन नै थाम्न सकिन्न । मेरो अफिसको दराजमा पनि थरिथरिका चकलेट छन् । यताउती गऱ्यो हात त त्यसैमा जान्छ,' पारुले भनेकी थिइन् । पारुले उनको शरीरमा ध्यान दिनुपर्छ र खाना कम गर्नुपर्छ भनेर मैले धेरैचोटी भनेपछि एकदिन मलाई खुसी भएर भनिन्, 'मलाई तौल कम गराउने संस्थाले आउनु भनेको छ । उनीहरूले ४० हजार रूपैयाँमा ग्यारेन्टीका साथ तौल कम गराउँछन् रे दुई हप्तामा । उनीहरूले खाने कुराको चार्ट पनि दिन्छन् रे । केही औषधि पनि दिन्छन् रे ।'

पारुको खुसीलाई काट्दै मैले भनेँ, 'पारुजी त्यसरी ग्यारेन्टीका साथ तौल कम गर्ने कसैले भन्छ भने त्यो त सोह्रैआना ठग हो । त्यस्तो कुनै औषधि छैन, जसले जादूको छडीलेझैं तपाईंको तौल कम गराओस् । त्यसरी औषधि प्रयोग गरेर तौल घट्ने भए त अमेरिकाका त्यतिका मानिसले घटाउँथे होलान् नि । त्यसरी एकैचोटी तौल घटाउने क्रियालाई त्याग्नोस् र खानेकुरा कम गर्नोस् । कोदो, फापर, गहुँको च्याँख्ला आदिको प्रयोग बढी गर्नुस् । चकलेट धेरै नखानोस् र मुख्य कुरा पानी खाने र व्यायाम गर्नुस् ।'

पारुजीलाई कोदो र फापर स्वादिष्ट तरिकाले बनाएर पनि खान सकिन्छ भनेर एकदिन त घरमै बोलाएर ख्वाउनुपऱ्यो । 'कोदो र फापर त मीठो पो हुँदो रहेछ,' रोटीसँग गोलभेंडा अचार डुबाएर खाँदै उनले भनेकी थिइन् । त्यसपछि उनले कोदो र फापरलाई आफ्नो दैनिक भोजनका अंग बनाइन् । हरियो तरकारी र टुसा उमारेको तरकारीचाहिँ अफिसमा लैजान थालिन् । बिहान उठेर व्यायाम गर्न थालिन् । दुई महिनापछि त उनको तौल पाँच केजी कम भयो । उनको अनुहारको छालमा चमक आयो । त्यसपछि त्यति क्रम अगाडि बढाउँदै गएपछि अर्को छ महिनामा उनको तौल १० केजी कम भयो । सबैबाट धेरै प्रशंसा पाएपछि पारुले मलाई भनिन् 'तपाईंले मेरो ४० हजार रूपैयाँ त बचाउनुभयो नै, मलाई जीवनभरको ज्ञान दिनुभयो ।'

मेरा कति डाक्टर साथीहरू त्यसमाथि पनि मोटोपन कम गर्नुपर्छ भनेर बिरामीलाई सिकाउने डाक्टर साथीहरू त कस्ता मोटामोटा छन् । रक्तचाप र मधुमेहको बिरामी छन् तर न उनीहरू खाना छोड्न सक्छन् न त योग गर्छन् । बरू समय-समयमा आफ्नो ठूलो भुँडी मसार्छन् र मीठो हाँसो हाँस्छन् । मेरो कुरा सुनेर पारु मरिमरि हाँसिन् र भनिन्, 'तपाईंका डाक्टर साथीहरूलाई सायद तपाईंको कुरा अझै पुगेको छैन ।'

प्रायः मानिसहरूलाई मोटोपनबाट छुटकारा पाउन निकै गाह्रो हुन्छ किनभने खाना खाएर, मज्जासँग सुतेर, तेल र मसला हालेको मासु खाएर, वियर पिएपछि तौल जति मज्जासँग बढ्छ । त्यति नै मज्जासँग घटाउन गाह्रो हुन्छ किनभने त्यस्तो खानेकुरा खाने मानिसलाई खान्न भन्न साह्रै गाह्रो हुन्छ । साथै व्यायाम, योग त झनै गाह्रो हुन्छ किनभने त्यसको लागि त कडा अनुशासन चाहिन्छ । वियर, मासु र तारेको आलुका स्वाद त जिब्रोमा यसरी बसेको हुन्छ कि त्यसको अगाडि पछि हुने दुःखाइ पनि बिर्सिन्छ ।

मेरा एकजना मित्र छन् । उनलाई गाउटको छ । समय-समयमा उनलाई यस्तो दुःख्छ कि उनी घुँडामा हात राखेर खुट्टा खोच्याउँदै हिँड्छन् । एकचोटी त गाउटले यस्तो चिसो पानीमा डुबाएर बस्नु परेको थियो रे तर वियर देखेपछि त कसोकसो मन चञ्चल भइहाल्छ । कतिपय मानिस यस्तै खाना र वियरबाट हुने मोटोपनको कारण उच्च रक्तचाप भई 'पक्षघात' भएपछि पनि रक्सी, मासु, तेल हालेको खान छोड्दैनन् । विस्तारै आत्महत्या गरिरहेका हुन्छन् । पुरुषहरू मात्र होइन, महिलाहरू पनि जिब्रोलाई तह लगाउन नसक्दा मोटोपनको कारणले गर्दा हुने समस्याले ग्रस्त हुन्छन् ।

एक संस्थामा कार्यरत शर्मिला नाकी महिला मेरो घरमा आएकी थिइन् घुँडा दुख्ने समस्यामा केही योगासन सिक्न सकिन्छ कि भनेर । मैले उनलाई भनेकी थिएँ, 'शर्मिला योगासन र व्यायामले सँगै तिम्रो खानेकुरा पनि परिवर्तत गर्नुपर्छ ।' असी केजी तौल भएकी शर्मिलाले 'लौन के-के खाने सिकाइदिनुस् न' भन्दा मैले घरमा कोदो र फापरको रोटी र सुप बनाएर प्लेटमा राखेर खान दिँदा उनले भनिन्, 'यस्तो कोदो र फापर त हाम्रो घरमा कुकुरले पो खान्छ' । शर्मिलाको कुराले हाँस त उठ्यो तर दुःख पनि लाग्यो ।

घुँडा दुखेर कसरी तौल कम गर्ने भनेर छलफल गर्न आएकी शर्मिलाको तौल दुई वर्षपछि पनि घटेको छैन । अहिले त उनलाई उच्च रक्तचाप भएको छ । घुँडाको दुखाइले गर्दा धेरै हिँड्न सक्दिनन् । उनलाई खानाको विषयमाचाहिँ भन्न छोडिसकेको छु । जबसम्म कसैलाई मनबाट नै तौल घटाउँछु भनेर लागेको छैन भने अरूले जति भने पनि लाग्दैन ।

मेरा एक जना आफन्तलाई झण्डै १५ वर्षअघि नै डाक्टरले तौल घटाउन भात र आलु कम गर्न सल्लाह दिँदा बरू मर्छु तर आलु त खान छोड्न सक्दिनँ भनेका थिए । उनको त्यो बानीले उनलाई उच्च रक्तचाप र मधुमेहको रोगी त बनायो नै, एकचोटी झण्डै पक्षघात नै भएको थियो । अहिले उनको स्वास्थ्य त ठीक छ तर उनको खानाबाट आलु चिनी, भात त गायब भएको छ । कोदो, फापर, चिनी नहालेको दूध र हरियो तरकारी उनको खाना बनेको छ । उनी अहिले बिहान एक घण्टा हिँड्छन् पनि । उनले सिके खाना कसरी खाने, हिँड्ने किन भनेर तर धेरै चर्को मूल्य तिरेर ।

हामीहरूमध्ये सायद धेरै जनाले त्यसरी नै सिक्ने छौं । मध्यम वर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरूमा पनि विभिन्न किसिमका चाउचाउ, चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनको धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमै मृत्युको मुखमा पुऱ्याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ? *रासस*

***(लेखक जनस्वास्थ्यविद् हुन्)***

## मननयोग्य

### चाणक्य नीति

आचार्यका संकेतले राजभट्टले चन्द्रगुप्तको प्रशंसागीत गाए । त्यसपछि चाणक्यले सबै पाहुनाको स्वागत गर्दै भन्न लागे- 'उपस्थित मान्यवर अतिथिहरू, भूपतिहरू र नागिरक । यस आर्यावर्तको इतिहासमा आजको दिन अत्यधिक महत्त्वको हुनेछ किन कि, यो विशाल मगध देशको बागडोर तपाईंहरूले यस्तो वीर र बुद्धिमान पुरुषलाई सुम्पिनुभएको छ । जसले गौरवशाली राष्ट्रको गौरव अझ माथि शिखरमा पुऱ्याउनेछ । जसका आधिपत्यले सम्पूर्ण प्रजा निर्भय र सुखले रहन सक्छन्, यो म सबैलाई विश्वास दिलाउँछु । हामी सबैसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छौं तर कसैले हाम्र राज्यमा आफ्नो कुचकको जाल फैलाउन चाहन्छ भने वा षडयन्त्र गर्छ भने उसलाई समुचित पाठ पढाउन पनि हामी सक्षम हुनेछौं ।'

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हपका तालीसहित राष्ट्रगीत गाइयो । त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो ।

हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो । घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।'

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो । त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की । पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे ।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् ।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए । क्रमशः




# 'लघुपित्त' र 'सर्कारी'को डिच्क्याउँ

काठमाडौंको न्युरोडस्थित सानो गल्लीभित्र एउटी बूढीआमा लौरो टेकेर अगाडि बढ्छिन् । बिस्तारै गल्लीभित्रको साढे सात तल्ले एक कोठे घरको साँघुरो भऱ्याङबाट स्वाँऽस्वाँ गर्दै सकी नसकी त्यही लौरोको सहायताले पाँच तल्लामाथि रहेको सहकारीको कार्यालय पुग्छिन् ।

ढोकैको छेउका राखिएको काठको टेबलमा थचक्क बसेर लौरोलाई ढोका काँपमा अडचाएर फेरि खुँइया गर्छिन् । सास फेर्दा नै मरिएला जस्तो ! यति माथि छ । पैसा लिन आउने बेलामा चाहिँ कोठैमा आउनु । लिनचाहिँ प्राण नै जाला जसरी धाउनुपर्नी खै के हो के ! आफैं एक्लै बर्बराउँदो निलो प्लास्टिकको झोलाबाट कच्याककुचुक परेका कागजहरू ओल्टाइपल्टाइ गर्छिन् ।

आँखामा लगाएको चस्माले काम गरेन छ कि क्या हो ? चस्मा फुकालेर फरियाको एउटा टुप्पाले सिसामा लागेका धुलो पुछेर फेरि चस्मा लगाउँछिन् । अनि एक्लै बर्बराउँछिन् । ती नानीलाई घरमै ल्याउँदा बा भनेको मानेको भए पो । उनीचाहिँ दिनदिनै कोठामा आएर यो हुन्छ आमा त्यो हुन्छ आमा भन्थिन् । अहिले त के हो के हो !

प्लास्टिकबाट पासबुक निकाल्दै बूढीआमा उठ्छिन् । सिसाले छेकिएको अग्लो छेकोबाट पास बुक देखाउँदै, ल नानी यो हेरेर मलाई अलिकति पैसा निकाल्दिनु पऱ्यो बा ! बूढी आमा, भित्र घुम्ने कुर्सीमा बसेर कम्प्युटरमा फेसबुक हेरेर बसेकी केटीलाई दिन्छिन् ।

केटी उत्तर नदिएरै म्यासेञ्जरमा होला सायद, भिडियो कलमै मस्कारा लगाइरहेकी छिन् । आमाले बोलेको नसुनेको हो वा नसुनेको जस्तो गरेको हो भगवान् जानुन् ।

अलि धेरैबेर हातमा पासबुक तेर्साएर उभिएर थाकेकी बूढी आमाले फेरि भन्छिन्, 'लौन नानी यो हेरेर पैसा निकाल्देऊ न !' तर उनले सुनेर पनि नसुनेजस्तै गरेपछि आमैलाई निकै पारो तातेको हुनुपर्छ । ठूलो स्वरले कराउँन थाल्छिन् । 'हैन के यो पारा ? उतिबेलादेखि कराको करै छु वास्तै गर्दिन ! खुरुक्क मेरो पैसा झिकेर दे ।'

सँगै रहेका अरू दुई-चार जना पनि त्यसैगरी उभिरहेका छन् । तर भित्र बस्नेले खासै वास्ता नगरेको सुनेपछि बूढीआमैले टेबलमा एक मुक्का हानेपछि बल्ल ती केटी जुरुक्क उठ्छिन् । कानमा लगाएको कुन्नि के हो निकाल्छिन् र हपार्छिन् ।

'के गरेको त्यस्तो ? यसरी फुट्ने गरी नि ठोक्छन् ?' आफ्नो पैसा निकाल्न आएका अर्का व्यक्तिले ती केटीलाई भन्छन्, 'के गर्नु त यी आम्मैले तपाईंलाई बोलाकै कतिबेर भयो ! तपाईं कम्प्यूटरमै दंग परेर बस्नुभाको छ । सुन्दै नसुनेपछि सुन्ने त गर्नुपऱ्यो नि ।'

केटी अझै ठूलो स्वरले कराउँछिन्, 'सुन्नु परेन बोल्नलाई ? कानमा एयरफोन लगाएको बेला कसरी सुनिन्छ त ?'

ल ल भैगो । त्यो हाम्रो पासबुकमा कति पैसा छ, आधा दिनुस् । सहकारीमा पुगेका सदस्यले ती केटीलाई भने ।  केटी पासबुक हेर्छिन् । ए ऽ तपाईंको पैसा आज हुन्न । अध्यक्षज्यू हुनुहुन्न, भोलि आउनुस् ।

ल । पैसा आज चाहिएको छ, भोलि आउनुस् भनेर हुन्छ ? पैसा त आजै पो लानु पऱ्यो त ?

केटीले खासै जवाफ दिन्न !

फेरि ती सदस्य भन्छन्, 'कुरो सुन्नु भो कि नाइँ' मलाई आजै पैसा चाहिएको छ ।

आज चाहियो भन्दैमा कसरी दिनु त । मेलै भनिसकेँत अध्यक्षज्यु हुनुहुन्छ ?

आमैले दुख विसाईन । 'लौ न नानी औषधी नै खान नपाउने भो । पैसा लिन आउने नानीलाई भनेको । भनेकै दिनबाट हराईन् । म बूढी मान्छे यति माथि बल्ल बल्ल आएँ पैसा झिक्न । अलि चाँडो गर्देऊ न । '

ल आमा तपाईंको त टन्नै पैसा रैछ खातामा । तर के गर्नु आज अध्यक्षज्यू हुनुहुन्न मैले त पैसा दिन सक्दिन । यसो गर्नुस् पर्सी फोन गरेर आउनुहोला । म अध्यक्षज्यूलाई भनेर राखिदिन्छु ।

आमै कड्किन्छिन्, 'त्यसो भनेर कहाँ हुन्छ । बैंका आएपछि पैसा छैन भोलि दिन्छु भनेर हुन्छ ? कति पटक आउने ? अस्ति पनि त्यसै भनेर गएँ ।'

के गर्नु हुन्छ त ? हामी त कर्मचारी हो जे भन्छन्, त्यही गर्ने हो ।

अँऽ पैसा लिने बेलामाचाहिँ जुनबेला भन्यो त्यही बेला पाउँछ भनेर उठ्न नपाउँदै कोठैमा पुग्ने । अनि अहिले दिने बेलामाचाहिँ अध्येछे र को छैन भनेर हुन्छ ? आज त म मरिकाटे पनि पैसा नलिई जान्न । बूढी आम्मैले अड्डी कसेपछि अरूले पनि हो ऽ हो भन्न थाले ।

तपाईंहरू जे जुकै गर्नुस् । अफिसमा 'क्यास'छैन क्यारे । भए त दिइहाल्थ्यौं नि । नभएर पो यस्तो भो त ?

हामीले राख्न दिएको पैसो छैन भनेर सुख पाइन्छ ? उहाँ दुर्गेले मोबाइलमा खायो ऽ खायो भन्दै कराको करै छ । क्या हो क्या हो हाम्रो पनि पैसा डुब्न लागिसक्यो कि । आजै छैन भनेको छ, भोलि नै छैन भनेको छ । हुनेचाहिँ कहिले हो त ?

अर्को उमेर छिप्पेका लोग्ने मान्छे फचाट्ट बोल्छन्, 'उहाँ लघुपित्तले पैसा खाइदिएर मान्छेहरूको विजोक छ । हाम्रै पैसामा ब्याज टन्न असुलेर छिमेकीलाई घरबार तपाईंहरूले घरबारविहीन बनाउँदा पनि टुलुटुलु हेरेर बस्नुपरेको छ । यस्तो पनि हुन्छ कतै ?

हुँदैन । तर भयो । हामीले के गर्ने त ? तपाईंलाई त्यस्तो लाग्छ भने सरकारलाई भन्नुस् । केटीले ओठे जवाफ फर्काउँछे ।

ए आमा हो ! आफ्नै पैसा लिन पनि यस्तो हुन्छ र भन्या ? अर्का व्यक्ति बोल्छ । केटीले भन्छे, 'हुन्छ त तपाईंले नै भोग्नुभएको छ त ? मैले भन्दिएँ है । अब हामीले तपाईंलाई पैसा दिन सक्दैनौं अहिले जानुस् । दुई-चार दिनपछि फोन गरेर आउनुहोला ? अब हामी पनि जान्छौं । तपाईंहरू जानुस् ।

केटीको कुरा कसले मान्ने ? आफ्नै पैसा लिन पनि धाउँदाधाउँदा दिक्क भएकी बूढीआमा आफैं भन्छिन्, 'जेसुकै गर म त मरे पनि अब जाँदिन । यहीँ बस्छु ।'

अरू पनि त्यसै भन्छन् । तर केटीले बलजफती निकाल्न सफल हुन्छे र सहकारीको ढोकामा ताल्चा मारेर खुरुरु भऱ्याङ ओर्लेर टाप कस्छे ! विचरा स्वाँस्वाँ गर्दै बूढेसकालमा आफ्नै पैसा नपाएपछि बूढीआमैलाई रुनु न हाँस्नु भयो ।

गाउँतिर हेऱ्यो लघुपित्त(वित्त)ले स्वाहा, सहरतिर हेऱ्यो सहकारीले स्वाहा । गाउँबाट लघुपित्तको पीडाबाट न्याय खोज्न आएकाहरू संसद् भवन त छिरे तर तिनलाई सर्कारले ढिच्क्याउँ गर्दिहाल्यो । आफ्नो जीवनभरको कमाईलाई लघुपित्तले खाइदिएपछि । र, न्याय नपाउँदा पनि सर्कारीले डिच्क्याउँ गरिदिएपछि बूढीआमैहरूको सपना चकनाचुर भएको छ ।

*उडायो सपना सबै लघुपित्तले...*

# संसदीय समितिको नेतृत्व छान्न कार्यदल गठन

**मकवानपुर (प्रस)**- फागुनभित्र संसदीय समितिको नेतृत्व चयन गर्न बागमती प्रदेशका राजनीतिक दल सहमत भएका छन् । आइतबार बसेको सर्वदलीय बैठकमा उक्त सहमति भएको हो ।

नेतृत्व चयनका लागि बैठकले दलका सचेतकको नेतृत्वमा एउटा कार्यदलसमेत गठन गरेको छ । कार्यदलको संयोजकमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका सचेतक गोविन्द लम्साल छन् । कार्यदललाई १० दिनभित्र आवश्यक छलफल गरी प्रतिवेदन तयार गर्न निर्देशन दिइएको छ ।

प्रदेशसभा बैठक सञ्चालन गर्ने सम्बन्धमा सबै दल सकारात्मक रहे पनि ठोस निर्णय भने सर्वदलीय बैठकमा हुन सकेन । संसद् सञ्चालनका विषयमा दलबीच सहमति जुट्न नसकेपछि यही फागुन १५ गते बिहान ८ बजे पुनःसर्वदलीय बैठक बस्ने गरी आइतबारको बैठक स्थगित भएको थियो । उक्त बैठकमा सत्तापक्ष र विपक्षी दलबीचको सहमति, अन्तरद्वन्द्वलाई समाधान गर्ने प्रयास हुने जनाइएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले हिजोको छलफलमा संसद् सञ्चालनको विषयसहित अन्य विषयमा छलफल भए पनि सहमति जुट्न नसकेको बताए । उनले सदन सञ्चालनका विषयमा सबै दल सकारात्मक रहे पनि अन्य विषयमा भने सहमति जुट्न नसकेको उनको भनाइ छ । संसद् र संसदीय समितिको नेतृत्वका विषयमा पनि दलबीचको समस्या समाधान भएको उनको भनाइ छ । उनका अनुसार सरकार र प्रतिपक्ष दलबीचको सहमतिलगायत विषयमा अन्य विकल्पमा सहमति खोज्ने प्रयास जारी छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले छलफलमा सहमति जुट्न नसकेको र प्रयास जारी रहेको बताए । उनले सरकार र प्रतिपक्षबीचको सहमतिका विषयमा गम्भीररूपमा छलफल भइरहेको उल्लेख गरे ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULELAH MOHAMMED AL-SHAREEDAH AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१३ LT. No. 300382 चलानी नं. ६०२१५५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 31 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAUREL SALON WLL

पूर्व स्वीकृति मिति २०८०/११/१४ LT. No. 300621 चलानी नं. ६०२१५५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**

Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com
श्रम इजाजत नं.१६१५/०७९/०८०

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROXIFRESH Co. LTD

पूर्व स्वीकृति मिति : २०८०/११/१४ LT. No.:300450 चलानी नं.: ६०२१५५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Products Processing Operator | 15 | 0 | 15000 | ४३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TW STORES LTD

पूर्व स्वीकृति मिति : २०८०/११/१४ LT. No.:300449 चलानी नं.: ६०२१५५०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Makers | 40 | 0 | 16500 | ४७,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Upholsteres | 20 | 0 | 16500 | ४७,८९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २२ गते (5th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/११/१४)

यस नौमूले गाउँपालिका अन्तर्गत बेलायत सरकारको आर्थिक सहयोगमा वन तथा वातावरण मन्त्रालयद्वारा संचालित Nepal Climate Change Support Programme (NCCSP-2) कार्यक्रमको तपसिल बमोजिमका पदहरुको सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र र सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको समयमा गाउँपालिकाको वेवसाइट www.naumulemun.gov.np मा राखिएको आवेदन फाराम भरि तोकिएको शुल्क तिरी रितपूर्वकको आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारिकाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | माग संख्या | शैक्षिक योग्यता |
